लोक सेवा आयोग

# नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, आठौं, उपप्रबन्धक पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।१७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ का विशेषताहरू चर्चा गर्दै यस ऐनमा के-कस्तो संशोधन गर्न आवश्यक देख्नुभएको छ? तर्कयुक्त धारणा प्रस्तुत गर्नुहोस् । ५+५=१०

२. उच्च चारित्रिक मूल्य सहितको व्यावसायिक क्षमता भनेको के हो? नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरूमा रहेको यस्तो क्षमताको विश्लेषण गर्दै यसमा अझ निखार ल्याउन के गर्नुपर्ला? सृजनात्मक तथा कार्यान्वयनयोग्य सुझाव पेश गर्नुहोस् । ३+३+४=१०

३. वित्तीय संघीयताको अवधारणामाथि प्रकाश पार्नुहोस् । नेपालको संविधान तथा कानूनले राजस्वको अधिकार बाँडफाँट कसरी गरेको छ? उल्लेख गर्दै वित्तीय हस्तान्तरणको वर्तमान व्यवस्थामाथि समीक्षा गर्नुहोस् । ३+३+४=१०

४. अन्तर्राष्ट्रिय हवाई सेवाको सीमित पूर्वाधार तथा क्षमताको कारण पर्याप्त मात्रामा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन हुन नसक्दा नेपाल तुलनात्मकरूपमा महँगो गन्तव्यको रूपमा रहन गएको छ । यही सीमित क्षमतालाई विस्तार गरी नेपालमा पर्यटन क्षेत्रको विकास गर्ने लक्ष्यका साथ भैरहवा तथा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसकेका छन् । तर जुन उत्साहका साथ विमानस्थलहरू निर्माण प्रारम्भ गरिएको थियो, सो अनुसार विविध कारणले गर्दा उक्त विमानस्थलहरूको निर्माण कार्य समयमा नै सम्पन्न हुन सकेन । आयोजना समयमा नै सम्पन्न नहुँदा एकातिर सार्वजनिक लगानीबाट प्राप्त हुने प्रतिफल गुमाउनुपर्ने अवस्था हुन्छ भने अर्कोतर्फ अर्थतन्त्रका अन्य क्षेत्र विशेषगरी पर्यटन व्यवसायले प्राप्त गर्नुपर्ने लाभबाट पनि वञ्चित हुनुपर्ने अवस्था आउँछ । हाल उक्त विमानस्थलहरूको निर्माण सम्पन्न भएको लामो समय भइसक्दा पनि विदेशी हवाई सेवा कम्पनीहरूले सेवा सञ्चालन गरेको अवस्था छैन । जसको कारण सो क्षेत्रमा होटल व्यवसायमा भएको लगानी पनि जोखिममा परेको अवस्था छ । उपर्युक्त पृष्ठभूमिमा भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीहरू आकर्षित गर्न नसकिनुका कारणहरू पहिचान गर्दै उक्त विमानस्थलहरूमा शीघ्रातिशीघ्र हवाई सेवा सञ्चालन गर्न के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? कार्ययोजना सहित समस्या समाधानको खाका प्रस्तुत गर्नुहोस् । साथै, भविष्यमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्दा यस अनुभवबाट के सिक्न सकिन्छ? चर्चा गर्नुहोस् । ५+५+५+५=२०

### खण्ड "ख" — ५० अङ्क

५. भ्रष्टाचार समाजमा व्याप्त हुँदै गएको र यसले समाज एवम् मुलुकलाई विकास प्रयासमा अघि बढ्न रोकेको भन्ने आमजनमानसमा परेको देखिन्छ । भ्रष्टाचारले पार्ने प्रभावहरू संक्षेपमा उल्लेख गर्दै नागरिक उड्डयन प्राधिकरणमा हुनसक्ने भ्रष्टाचारलाई कसरी रोकथाम तथा नियन्त्रण गर्न सकिन्छ? व्यावहारिक तथा कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

६. श्रम ऐन, २०७४ अनुसार प्रतिष्ठानले श्रमिक कटौती गर्नसक्ने अवस्थाहरू उल्लेख गर्नुहोस् । श्रमिक कटौती गर्दा श्रमिकलाई कसरी प्राथमिकीकरण गर्नुपर्छ? लेख्नुहोस् । ५+५=१०

क्रमश:

७. आर्थिक कुटनीति (Economic Diplomacy) को अवधारणा प्रष्ट्याउँदै नेपालको सन्दर्भमा आर्थिक कुटनीतिको अभ्यास कत्तिको प्रभावकारी रहेको पाउनुभएको छ? उदाहरणसहित आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् । ३+७=१०

८. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने वित्तीय लगानीले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा नै सुरक्षा चुनौती सृजना गरेको परिप्रेक्ष्यमा नेपालले पनि यस विषयलाई सम्बोधन गर्ने प्रयास स्वरूप विभिन्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाहरू गरेको छ । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषय एकभन्दा बढी निकायहरूको कार्यक्षेत्रसँग सम्बन्धित (Cross-cutting) भएकाले विभिन्न निकायहरूले निर्वाह गर्नुपर्ने जिम्मेवारीसहितको कार्ययोजना कार्यान्वयनमा रहेको छ । यसैबीच एपीजी (Asia Pacific Group on Money Laundering) ले सार्वजनिक गरेको "नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी पारस्परिक मूल्यांकन प्रतिवेदन" मा एफएटीएफ (Financial Action Task Force) का ४० वटा सूचकहरूमध्ये जम्मा एउटामात्र प्रगति भएको र ६ वटा सूचकहरूको स्थिति झन कमजोर भएको देखाएको थियो । एपीजीले नेपाललाई 'ग्रे लिस्ट' मा पर्नबाट जोगिन विभिन्न १० वटा कामहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न १ वर्षको समय दिएको छ । यसै सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कार्यलाई निरूत्साहित गर्न नेपालले गरेका प्रयासहरूको समीक्षा गर्नुहोस् । नेपाल 'ग्रे लिस्ट' भित्र पर्नबाट जोगिन प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने विषयहरू र कार्यान्वयन रणनीतिहरू समेत उल्लेख गर्नुहोस् । ७+६+७=२०

:: समाप्त ::